Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ८ | वि.सं. २०८३ वैशाख ८ मंगलवार | नेपाल संवत: ११४५, वैशाख शुक्ल चतुर्थी | Monday 21 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# कर्णालीका तीन पालिकाले सञ्चालन गरे विद्यार्थी भर्ना अभियान

## आइतबार बिदा दिने निर्णय पनि कार्यान्वयन नगर्ने

"त्यस्तै, १५ बैशाखबाट नयाँ शैक्षिक सत्र सञ्चालन र हप्तामा दुई दिन बिदा दिने निर्णय कार्यान्वयन नगर्नेमा डोल्पाको ठुलीभेरी नगरपालिका"




**ओम शाही**
**सुर्खेत, ७ बैशाख ।**

सरकारले गएको चैतमा १ बैशाखबाट नियमित सञ्चालन हुने नयाँ शैक्षिक वर्ष सार्ने निर्णय गऱ्यो । २२ चैतमा बसेको मन्त्रीपरिषद् बैठकले अमेरिका र इजरायलले इरानविरुद्ध थालेको युद्धले उत्पन्न गराएको इन्धन संकटलाई देखाएर नयाँ शैक्षिकसत्र १५ वैशाखबाट सुरु गर्ने निर्णय गरेको थियो । सोही बैठकले हप्तामा दुई दिन शनिबार र आइतबार बिदा दिने निर्णयसमेत गरेको थियो ।

सरकारको यो निर्णयपछि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यालयहरूलाई सोही अनुसार भर्ना अभियान सुरु गर्न र २१ वैशाखबाट मात्रै पठनपाठन सञ्चालन गर्न निर्देशन दियो । यसका बाबजुद पनि कर्णालीका तीन स्थानीय तहहरूले भने केन्द्र सरकारले तोकेको समय अगावै विद्यालय सञ्चालन गर्ने निर्णय गरेका छन् ।

यति मात्रै होइन ति स्थानीय तहहरुले संविधानले दिएको माध्यमिक तहसम्मको शिक्षा हेर्ने अधिकार प्रयोग गरी आइतबारसमेत बिदान नदिने निर्णय गरेका छन् । यस्तो निर्णय गर्नेमा डोल्पाको मुड्केचुला गाउँपालिका छ ।

३ बैशाखमा बसेको गाउँ शिक्षा समितिको बैठकले हिमाली जिल्लामा पर्ने भएकाले आइतबार बिदा दिदा पाठ्यक्रमअनुसारको पाठ्यभार पूरा गर्न नसकिने भन्दै गाउँपालिकाले यस्तो निर्णय गरेको हो । सरकारको निर्णयले हिमाली जिल्लामा चिसोलगायतका कारणले पाठ्यभार पूरा गर्न सकस हुने भन्दै दुवै निर्णय कार्यान्वयन नगर्ने निर्णय भएको गाउँपालिकाले जनाएको छ ।

हिमाली जिल्लामा पुसमा १५ र माघमा ३० दिन गरी ४५ दिन बिदा हुँदै आएको अवस्थामा आइतबार बिदा दिँदा तोकिएको वार्षिक पाठ्यक्रमअनुसार कुनै पनि कक्षाको पाठ्यभार पूरा गर्न नसकिने गाउँपालिकाले भनेको छ । साथै, गाउँ शिक्षा समितिको निर्णयअनुसार नियमित विद्यालय सञ्चालन गर्न १५ वैशाख नकुर्न गाउँपालिकामा सञ्चालित सम्पूर्ण विद्यालयहरूलाई निर्देशन दिइएको छ ।

त्यस्तै, १५ बैशाखबाट नयाँ शैक्षिक सत्र सञ्चालन र हप्तामा दुई दिन बिदा दिने निर्णय कार्यान्वयन नगर्नेमा डोल्पाको ठुलीभेरी नगरपालिका पनि परेको छ । ठुलीभेरी नगरपालिकाको नगर शिक्षा समितिले पालिकामा सञ्चालित सम्पूर्ण सामुदायिक, निजी तथा धार्मिक विद्यालयहरुमा आइतबार पनि पठनपाठन सुचारु हुने जनाएको छ ।

पालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत डिलबहादुर रोकायाका अनुसार मंगलबारदेखि शुक्रबार (८ बैशाखदेखि ११ गते) सम्म विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने र १३ बैशाखबाट कक्षा सञ्चालन गर्न विद्यालयहरुलाई निर्देशन दिइएको छ ।

त्यस्तै, जुम्लाको कनकासुन्दरी गाउँपालिकाले पनि संघीय सरकारको निर्णय नमान्ने भएको छ । आइतबार (६ बैशाख) बसेको कार्यपालिका बैठकले सोमबार (७ बैशाख) बाट नयाँ विद्यार्थी भर्ना अभियानसमेत थालिसकेको छ ।

कनकासुन्दरीले पनि वार्षिक भारित पाठ्यभार पुरा गर्न नसकिने भन्दै आइतबार बिदा नदिने निर्णय गरको गाउँपालिकाका कार्यवाहक अध्यक्ष प्रेमकली बुढाले जानकारी दिइन । यी पालिकाहरुले नेपालको संविधान र प्रचलित कानुनअनुसार आधारतभूत तथा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनसम्बन्धी अधिकार स्थानीय तहको भएको भन्दै आफ्नो नियमित शैक्षिक क्यालेन्डरअनुसार विद्यालय भर्ना तथा सञ्चालन गर्ने निर्णय गरेको जनाएका छन् ।

यसअघि नगरपालिका संघ र गाउँपालिका महासंघले पनि स्थानीय तहलाई विद्यार्थी भर्ना, पठनपाठनलगायत शैक्षिक गतिविधि आफूअनुकूल अघि बढाउन सुझाव दिएका थिए । नगरपालिका र गाउँपालिकाका प्रमुखलाई सम्बोधन गर्दै संविधानअनुसार विद्यालय शिक्षाको अधिकार स्थानीय तहको भएकाले त्यसैअनुसार शैक्षिक क्रियाकलाप अघि बढाउन दुवै संघले स्थानीय तहलाई सुझाव दिएका थिए ।

शिक्षा नियमावलीअनुसार एक शैक्षिकसत्रमा दुई सय २० दिन विद्यालय खुल्नुपर्ने र एक सय ८० दिन पठनपाठन हुनुपर्छ । यसका साथै एक हजार २४ घण्टा पाठ्यभार हुनुपर्ने र हिउँदे र वर्षे बिदा ४५ दिन, स्थानीय बिदा पाँच दिन लगायतका व्यवस्था नियमावलीमा छ । तर साप्ताहिक बिदा नै दुई दिन हुँदा अब एक सय ९२ दिनमात्र विद्यालय खुल्नेछन् भने एक सय ७३ दिन बन्द हुनेभएपछि पालिकाहरुले आफ्नो अधिरका प्रयोग गरेको जनाइएको छ ।

त्यसमा पनि शैक्षिकसत्र नै २० दिन पछि धकेलिँदा कसरी पढाउने भनेर शिक्षकहरू अलमलमा छन् । सुर्खेतको बराहताल गाउँपालिका-८, स्थित भैरव आधारभूत विद्यालयका शिक्षक मनिषा शाहीले पाठ्यक्रम एकातिर र विद्यालय खुल्ने दिन अर्कोतर्फ हुँदा कसरी पढाउने भन्नेमा अन्यौलता रहेको बताउँछिन् । उनी भन्छिन्, 'आइतबार पनि बिदा हुने हो भने पहिल्यैकै अवस्थामा पढाउँदा पाठ्क्रम कुनै पनि हालतमा सकिदैन । कि त पाठ्यक्रममा हेरफेर गर्नुपऱ्यो नभए पाठ्यक्रम नसकेपनि केही हुँदैन भन्नु पऱ्यो ।'

यता बराहताल गाउँपालिका-५, स्थित जनज्योति माध्यमिक विद्यालयका प्राधानाध्यापक नारायण सिग्देलले हप्तामा दुई दिन बिदा दिने सरकारको निर्णय झट्ट हेर्दा अव्यवहारिक देखिए पनि अभ्यास गर्दै जादा यो कदम निकै प्रभावकारी हुने बताउँछन् । आइतबार बिदा हुने र बिहान ९ बजेबाट कक्षा सञ्चालन हुँदा बालबालिका र काममा जाने व्यक्तिहरुलाई अलि असहज भने हुने उनले बताए ।

दुई दिनको बिदालाई सकारात्मक रूपमा लिँदै यसले विद्यार्थीहरूलाई व्यावहारिक र जीवनोपयोगी सीप सिक्न तथा अभिभावकसँग समय बिताउन मद्दत पुग्ने सिग्देलको दावी छ । साथै, यो परिवर्तनले शिक्षकहरूलाई पनि परियोजना कार्य र गृहकार्यको उचित मूल्याङ्कन गर्न थप समय उपलब्ध गराउने अपेक्षा उनको छ ।

विद्यालयको कार्यभार र आधुनिक शिक्षालाई प्रयोगात्मक बनाउनुपर्ने आवश्यकता औल्याउँदै उनले यो अभ्यासले शिक्षा प्रणालीमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गरे । उनी भन्छन्, 'हामीले सुरु गरेको पढ्दै कमाउदैलाई अब सिक्दै कमाउदैमा जोड्न सक्ने हो भने राम्रो हुने मैले देखेको छुँ । हामी कहाँ नयाँ अभ्यास भएकाले असजिलो जस्तो देखिएको हो, नयाँ अभ्यास गर्दैगर्दा राम्रै होला भन्छु । अझै बढी अभिभावकसँग बसेर घरायसी कुराहरु सिक्ने, अहिले पढाईको लोडले गर्दा न त किताबमा पढेको कुराले भोली जागिर वा व्यवसायमा जान सक्ने, न त घरबारी नै चिन्न सक्ने अवस्था थियो, त्यसको अन्त्य गर्न सकिन्छ भन्ने मरो ठम्याई हो ।'

यसमा नयाँ व्यवस्थाले विद्यार्थीलाई कृषि होस् वा आधुनिक पेशासँग जोडन् पाठ्यक्रम कसरी विकास गरिन्छ भन्नेमा भर पर्ने उनले बताए । 'आइतबार पनि पढाउँदा हामीलाई बानी पर्न अलिकति गारो होला । तर शिक्षकलाई पनि यसले ठुलो सहयोग गर्छ । हप्तामा पाँच दिन पढाउँने र दुई दिन आफ्नो विषयको पर्याप्त तयारी शिक्षकले गर्न सक्यो भने गुणस्तर निकाल्न सकिन्छ जस्तो मलाई लाग्छ । यसो हुँदा प्रत्येक विद्यार्थीका बारेमा शिक्षकलाई जनकारी लिन पनि सजिलो हुन्छ ।'

किताववबाट मात्र सोध्ने, व्यवहारिक परियोजनाका कार्यहरु कमै हुने र भएपनि शिक्षक र विद्यार्थीले व्यवहारमा नउतार्ने प्रवृत्ति हटाउन पनि हप्तामा दुई दिन बिदाले सघाउने उनको दावी छ । यद्यपी, यसमा अनुगमन, मूल्यांकन र व्यवहारिक पाठ्यक्रम निर्माणको पाटोलाई भने सरकारले व्यवस्थित बनाएर लैजानु पर्ने उनको तर्क छ ।

# तराईमा बढ्दै तापक्रम, नेपालगन्जमा ४० डिग्री नाघ्यो

**युग संवाददाता**
**काठमाडौं, ६ वैशाख ।**

नेपालमा कतै भारी वर्षा भइरहँदा तराईमा भने तापक्रम बढ्दो क्रममा छ । तातो अझै बढ्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागका मौसमविद् सरोज पुडासैनीका अनुसार मधेस प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभाग साथै उपत्यका र खोँचहरूमा तातो दिन तथा सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका पश्चिमी तराईमा तातो लहर चल्ने सम्भावना रहेको बताए ।

विभागको अद्यावधिक सूचना हेरेर आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरिएको छ । विभागमा सोमबार साँझ प्राप्त विवरणअनुसार सबैभन्दा बढी नेपालगन्जमा अधिकतम तापक्रम ४०.३ डिग्री मापन भएको छ । हिजो नेपालगन्जमा ३९ डिग्री मापन गरिएको थियो ।

दिपायलमा पनि ४० डिग्री तापक्रम मापन भएको छ । दिपायलमा हिजो ३८.८ डिग्री मापन गरिएको थियो । हिजो धनगढीमा ३८.२ डिग्री तापक्रम रहेकामा आज बढेर ३९.४ डिग्रीमा पुगेको छ । काठमाडौँमा हिजो २८.४ रहेकामा आज बढेर २९ डिग्री मापन गरिएको छ ।

उच्च पहाडी तथा हिमाली क्षेत्रका केही ठाउँहरूमा भने वर्षा पनि भइरहेको छ । केही जिल्लामा भारी वर्षासमेत भएको छ । कास्कीमा ५७.४ र सिन्धुपाल्चोकमा ६८.४ मिलीमिटर वर्षा भएको छ । यस्तै गोरखा, लमजुङ, सोलुखुम्बु खोटाङ, धनकुटा, सङ्खुवासभामा मध्यम

बाँकी ३ पेजमा

**श्रमिक कामदारको आवश्यकता सम्बन्धी सूचना**

बि.सं. २०७६ मा स्थापित इन्नोसिएसआर नेपाल प्रा. लि., आफ्नो प्रमुख प्रविधि 'Good Bricks System' मार्फत वातावरणमैत्री, उच्च गुणस्तरीय र नपोलेको इँटा उत्पादनमा समर्पित संस्था हो । सुर्खेतस्थित हाम्रो फ्याक्ट्रीका लागि केही संख्यामा दक्ष/अर्ध-दक्ष श्रमिकहरुको आवश्यकता परेकाले इच्छुक व्यक्ति वा लेबर सप्लायर (Labor Suppliers) बाट आवेदन आह्वान गरिन्छ ।

**पद र विवरण:**

**१. पद:** श्रमिक कामदार (Labor Worker)
**आवश्यक संख्या:** १० जना (अर्ध-दक्ष)

**२. पद: मेसिन अपरेटर (Machine Operator)**
**आवश्यक संख्या : १ जना**

**योग्यता**

१. इलेक्ट्रिकल वा मेकानिकल इञ्जिनियरिङमा डिप्लोमा ।
२. हाइड्रोलिक मेशिन तथा भारी उपकरण सञ्चालनमा तालिम प्राप्त ।
३. हाइड्रोलिक मेशिन तथा भारी उपकरण सञ्चालनको अनुभव भएका उम्मेदवारलाई प्राथमिकता ।

**कार्यस्थल:** शान्तिचौर, गुर्भाकोट नगरपालिका, सुर्खेत

**सम्पर्क तथा आवेदन प्रक्रिया:**

इच्छुक व्यक्तिहरुले सिधै फ्याक्ट्री इन्चार्जलाई फोन गर्न सक्नुहुनेछ भने लेबर सप्लायरहरुले (Labor Suppliers) आफ्नो प्रस्ताव ईमेल मार्फत पठाउन सक्नुहुनेछ ।

**कामदारका लागि (सम्पर्क नम्बर):** ९८५१४२७००६ (फ्याक्ट्री इन्चार्ज)
**सप्लायरका लागि (Email):** hr1@innocsr.com
**आवेदन दिने अन्तिम मिति:** २०८३/०१/२०

**धन्यबाद**
**मानव संसाधन विभाग**
**www.innocsr.com**
**www.thegoodbricks.com**

**स्वतन्त्र प्रेस, सबल लोकतन्त्र ।**

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810

● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# महंगी नियन्त्रणमा जिम्मेवार बन !

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद आशिका तामाङले आइतबार सामाजिक सञ्जाल फेसबुकमा एक पोष्ट शेयर गरिन । उक्त पोष्टमा उनले एक हातले पाकेको केरा समाएकी छन् भने, अर्को हातले केरातर्फ इङ्गित गर्दै भनेकी छन्, 'केरा नै केरा फल्ने देशमा एक दर्जनको तीन सय ५०, जताततै केरा नै केरा फलिरहेको देख्छु बारीभरि, तर पनि यति महँगो छ भनेर आजै थाहा भयो ।' उनले कुनै फरक प्रसंगवस वा घटना विशेषमा बोलेकी थिइनन् । यो उनको सांकेतिक विरोध थियो, जो अहिले मध्यपूर्वको तनाव र सरकारको नीतिका कारण सर्वत्र बनेको चर्को मूल्यवृद्धि लक्षित थियो । मध्यपूर्वमा इरानमाथी अमेरिका र इजरायलले थालेको युद्धका कारण अहिले विश्वभर इन्धन आपूर्तिको श्रृंखला बिग्रिएको छ । विश्वको २० प्रतिश इन्धन आपूर्ति हुने स्टेट अफ हर्मुजमा इरानले अवरोध कायम राखेपछिको असर नेपाली उपभोक्ताको समर्ग दैनिकी चर्को मूल्यवृद्धिले ढाकेको छ । दैनिक उपभोग्यवस्तुहरु छोइनसक्नु बनेको उपभोक्ताको गुनासो छ । पेट्रोलियमजन्य पदार्थमा भइरहेको भारी मूल्यवृद्धिका कारण देशभरका उपभोक्ताहरुले जताततै मार खेपरिहेका छन् । उनीहरुको भान्सा अचाक्ली महंगिएको छ । महंगीको चपेटाबाट कर्णाली प्रदेशको राजधानी सुर्खेत पनि अछुतो छैन ।

स्थानीय उत्पादन कम हुने कर्णालीको खाद्य तथा तरकारी र फलफूलको बजार अन्य प्रदेश र भारतले धानेको छ । इन्धनमा भएको अस्वभाविक मुल्यवृद्धिले ढुवानी महंगो हुँदा दैनिक उपभोग्य सामग्रीको भाउ आकाशिएपछि विशेष गरी विपन्न वर्गका नागरिकहरु मारमा पर्न थालेका छन् । वीरेन्द्रनगरका साथै कर्णालीका अधिकांश जिल्लाको तरकारी तथा फलफूलको माग बुलबुले कृषि हाट बजारले धान्दै गर्दै आएको छ । उक्त हाटबजारमा कर्णाली प्रदेशका साथै अन्य प्रदेश र भारतबाट आउने तरकारी तथा फलफूलको आयात हुन्छ । यहीबाट कर्णालीका अन्य जिल्लामासमेत तरकारी तथा फलफूहरु जाने गर्छ । तर इन्धनमा भएको मुल्यवृद्धिले अहिले बुलबुले हाट बजार पनि महंगो बनेको छ । ढुवानी मूल्य बढेपछि तरकारी तथा फलफूलको भाउ पनि दैनिक फरक पर्न थालेको छ । इन्धनमा बढेको मुल्यका कारण दुरी अनुसार प्रतिकिलो पाँचदेखि १० रुपैयाँसम्म तरकारी तथा फलफूल ढुवानीमा अतिरिक्त भाडा तिर्नु परेको व्यवसायीहरु बताउँछन् । यसरी ढुवानीमा तिर्नुपरेको मूल्य तरकारीमा समायोजन गर्दा १० रुपैयाँसम्म भाउ बढेको उनीहरुको भनाई छ । इन्धनको मूल्य नियन्त्रण नभए यो श्रृंखला बढ्दै जाँदा यसको सोझो असर उपभोक्तालाई पर्छ । यसर्थ, इन्धन संकटको विश्वव्यापी असरले उपभोक्ताका दैनिक आवश्यकता परिपूर्तिमा परेको असरलाई सम्बोधन गर्न राज्यले तत्काल विशेष प्याकेज ल्याएर भएपनि महंगी नियन्त्रणमा ध्यान दिन आवश्यक छ ।

अन्तराष्ट्रिय बजारमा तेलको मूल्यवृद्धि हुँदा त्यसको असर हामी कहाँ पर्नु स्वभाविक हो । तर अरु बेलाभन्दा यो समय संकटको हो । सधैं मूल्यवृद्धि हुँदैन । त्यस्तो बेलामा छुट दिनुको साटो आयाल निगमलाई मात्र जिम्मा दिएर सरकार पन्छिन खोज्नु नागरिकप्रति अनुउत्तरदायी हुनु मात्रै होइन उपभोक्ता अधिकारविपरितको कार्य हो । मूल्यवृद्धिको असर दैनिक उपभोग्य वस्तु विक्रि वितरण हुने बजारदेखि शिक्षा, स्वास्थ्य, यातायात लगायत सम्पूर्ण क्षेत्रमा परिसकेकाले महंगीको प्रत्यक्ष मारबाट उपभोक्तालाई जोगाउने दायित्वबाट राज्य भाग्न मिल्दैन । अन्तर्राष्ट्रिय तनावलाई देखाएर पन्छिने नभई तत्काल इन्धनमा लाग्दै आएको अतिरिक्त कर घटाएर हुन्छ वा अन्य सहुलियतका योजना अघि सारेर हुन्छ, यो महंगीलाई नियन्त्रण गर्नु राज्यको पहिलो दायित्व हो । यसो हुन सकेमात्रै नागरिकले सरकार भएको अनुभुति गर्न पाउने छन् । संकटका बेला हुने कालोबजारी रोक्न अनुगमन र कानुनी कारवाहीको पाटोलाई सशक्त बनाउ सकेमात्रै नागरिकले कानुनी राज्यको अनुभूति गर्न पाउँछन् ।

## विश्व

# अमेरिकी प्रतिनिधि वार्ताका लागि फेरि पाकिस्तान जाने



**तेहरान, ६ वैशाख ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना प्रतिनिधि वार्ताका लागि पाकिस्तान फर्कने बताएका छन् । इरानसँगको दोस्रो चरणको वार्ताका लागि आफ्ना प्रतिनिधि पाकिस्तान फर्कन लागेको उनले बताएका हुन् । अन्तर्राष्ट्रिय रूपमा तेलप्रवाह हुने नाका हर्मुज जलमार्गलाई पुनः बन्द गरेको भोलिपल्ट ट्रम्पको भनाइ सार्वजनिक भएको हो । युद्धविराम अवधिभर हर्मुज नाका खुला गर्ने घोषणा गरेको २४ घण्टा नबित्दै इरानले पुनः बन्द गरेको थियो । त्यसलगत्तै इरानी सेनाले हर्मुजमा केही जहाजमाथि हमला गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका थिए ।

शनिबार हर्मुजको जलमार्गमा तेल बोकेका जहाजमाथि गोली चलाउनु युद्धविराम सम्झौताको उल्लंघन भएको ट्रम्पले बताएका छन् । इरानले पनि अमेरिकालाई आफ्नो नौसेना नाकाबन्दीमार्फत युद्धविराम सम्झौता उल्लंघन गरेको आरोप लगाएको थियो । इरानले भने आफ्नो उपस्थितिबारे केही पुष्टि गरेको छैन । ट्रम्पले सम्झौता नभएमा इरानी पावरप्लान्ट र पुलहरूमा आक्रमण गर्ने धम्की पनि दिएका छन् । दोस्रो चरणको वार्ताको मिति तय भएको छैन । वार्ताका लागि पाकिस्तानले भित्रभित्रै कूटनीतिक प्रयास तीव्र पारेको छ ।

**युद्धविराम लम्ब्याउने तयारी**

अमेरिका र इरान २२ अप्रिलमा समाप्त हुने युद्धविरामलाई थप विस्तार गर्ने अप्रत्यक्ष वार्तामा रहेको विभिन्न स्रोतलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । पछिल्लो समय पाकिस्तानले अमेरिका-इरानबिच दोस्रो चरणको वार्ता सुरु गर्न कूटनीतिक सक्रियता बढाएको छ । रिपोर्टअनुसार दुवै पक्ष युद्धविराम लम्ब्याउने पक्षमा छन् । तथापि, इरानले अमेरिकासँगको अर्को चरणको वार्ता सुरु हुन लेबनानमाथिको इजरायली आक्रमण अन्त्य हुनुपर्ने माग राख्दै आएको थियो । सो माग पनि बिहीबार इजरायल र लेबनानबिच युद्धविरामसँगै पूरा भएको छ ।

# फेक न्युजले मूर्ख बनाइरहेको त छैन



✍ शुक्रऋषि चौलागाईं

'बालेन सरकारले पाँच सय र एक हजारका नोट बन्द गर्दै', 'प्रदेश सभा खारेज गर्ने बालेन सरकारको तयारी', 'एमाले नेता महेश बस्नेत पक्राउ' जस्ता शीर्षकहरू, फगत शीर्षक मात्रै हुन् । समाचार होइनन् । तर हाम्रा सामु यी विषयहरू समाचार जस्तै छ्यापछ्याप्ती प्रसारित भइरहेका हुन्छन् । तर यी फेक न्युज अर्थात् मिथ्या सूचना हुन् ।

बालेन सरकारले प्रदेश सभा खारेज गर्दैछ भन्ने कुरा दुई साता अघि फेसबुक, अनलाइन र युट्युबमा फैलियो । भ्रामक स्क्रिन सट र भिडियो क्लिप भाइरल भए । जब कि यो विषयमा आधिकारिक प्रस्ताव या निर्णय सार्वजनिक भएको छैन ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पाँच सय र एक हजारका नोट प्रतिबन्ध गर्दै छन् भन्ने अफवाह सार्वजनिक भयो । नेपाल राष्ट्र बैंकले यो हल्ला मात्रै हो, त्यस्तो कुनै योजना छैन भनेर पुष्टयाई दिन पर्‍यो ।

त्यस्तै केही दिन अघि एमाले सचिव महेश बस्नेत पक्राउ परे भनेर समाचारहरू आए तर उनलाई पक्राउ गरिएकै थिएन ।

यी र यस्तै संवेदनशील विषयलाई पनि अतिरञ्जित ढङ्गले मिडियामार्फत चर्चामा ल्याउने र थप आतङ्कित बनाउने कार्य अझै रोकिएको छैन । प्रत्येकको हातमा मोबाइल छ तर के सही र के गलत भन्ने छुट्याउन सक्ने ल्याकत छैन ।

फेक न्युज, अङ्ग्रेजी शब्दहरू हुन् तर पछिल्लो समय यी शब्दहरूको अत्यधिक प्रयोगसँगै नेपालीकरण गरिए सरह छ । फेक न्युज केवल गलत सूचना मात्र होइन, यो त एउटा जानाजान गरिएको छलकपट हो । गलत सूचना उत्पादन गर्ने र फैलाउने गतिविधि पनि हो ।

सत्यताबाट विमुख झुटो, भ्रमपूर्ण सूचना हो, जसलाई समाचारको रूपमा विभिन्न सामाजिक सञ्जालमार्फत प्रसारण या प्रस्तुत गरिन्छ । यसमा काल्पनिक घटनाहरूलाई पनि वास्तविक रूपमा प्रस्तुत गरिएको हुन्छ । यस्तो गलत सूचनालाई तीन भागमा विभाजन गरेर हेर्ने गरिन्छ । पहिलो, मिसइन्फरमेशन । दोस्रो, डिसइन्फरमेशन । तेस्रो, मालइन्फरमेशन ।

फेक न्युजमा भावनात्मक भाषा, क्लिकबेट हेडलाइन, फेक फोटो, भिडियो वा एआई जेनेरेटेड डिपफेकको प्रयोग गरिन्छ । इन्टरनेट र सामाजिक सञ्जाल (फेसबुक, टिकटक, इन्स्टाग्राम, भाइवर, युट्युब, एक्स आदि) को विकाससँगै यो छिटो र व्यापक रूपमा फैलिँदै गएको छ ।

जनमत प्रभावित गर्नु, राजनीतिक लाभ लिनु, घृणा फैलाउनु वा आर्थिक फाइदा कमाउनु पनि फेक न्युजको उद्देश्य हो ।

**फेक न्युजको महामारी**

आम सञ्चारका विज्ञहरूका अनुसार फेक न्युजले कुनै पनि घटनाको वास्तविकता तोडमोड गरी मान्छेलाई भावनात्मक रूपमा प्रभावित पार्ने उद्देश्य राख्छ । यो केवल 'गलत सूचना' मात्र होइन- एक किसिमको हतियार हो ।

सत्य-तथ्यभन्दा पनि आक्रोशजन्य भावना जगाउने भाइरल सामग्रीलाई सामाजिक सञ्जालले स्थान दिने र व्यापक बनाउने काम गर्दै आएको छ । सञ्जालका विभिन्न प्लेटफर्म सही ढङ्गले नचलाएकै कारण पछिल्लो समय अनेक चुनौती र दुर्घटना निम्तिरहेको छ । सञ्जालमा सार्वजनिक फेक न्युजले नै अहिले महामारीको रूप लिँदै छ ।

सामाजिक सञ्जाल आफैमा खराब होइन तर त्यसको सदुपयोग भन्दा दुरुपयोग हुने खतरा बढ्दै गएको छ । एउटा फेक सञ्जाल सञ्चालन गरी सामाजिक सञ्जाल मार्फत फेक न्युज भाइरल गराइन्छ । एउटै फेक समाचारलाई एकै समयमा धेरै माध्यमबाट शेयर गराइन्छ । प्रायः गोप्य रूपमा रहने यी व्यक्ति या समूह आफ्नो लक्ष्य र उद्देश्य अनुसार फेक न्युज मार्फत युद्ध फैलाउँछन् ।

नेपालमा भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि फेक न्युजको बाढी आयो । त्यसताका फैलिएका फेक न्युज, फोटो र भिडियोले अफवाहको बजार ततायो । भदौ २३ गतेको आन्दोलनमा भएको मानवीय क्षति र घाइतेको विषयमा भ्रामक सूचना फैलियो । फेक भिडियोहरू सार्वजनिक गरिए । दोस्रो दिनको आगजनी र तोडफोड पनि भ्रम फैलाउनेका लागि अवसर बन्यो । सामाजिक सञ्जालमा आएका अनेक फेक न्युज र भिडियो क्लिपले स्थिति थप त्रासदीपूर्ण बनायो ।

इजरायली संस्था सायब्राको प्रतिवेदन अनुसार भदौ २३-२४ को जेनजी विद्रोहमा अनलाइन संवादको ३४ प्रतिशत हिस्सा नक्कली एकाउन्ट र एआईद्वारा निर्मित सामग्रीबाट प्रभावित थियो । १४ लाखभन्दा बढी अन्तर्क्रियामध्ये एक लाख ६४ हजार शङ्कास्पद खाताबाट भएको थियो, जसले ३२ करोड बढी स्क्रिनमा पुगी सरकार विरोधी भाष्यलाई अतिवादी बनाउने प्रयास गरेको थियो ।

फेक न्युज सामान्य गल्ती होइन, यो लोकतान्त्रिक बहसमाथिको हस्तक्षेप हो । फेक न्युज स्पष्ट रूपमा 'नक्कली' देखिन्थ्यो भने कोही पनि झुक्किँदैनथ्यो । भ्रमित समाचारले जो कोहीलाई पनि झुक्क्याउन सक्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको एक तथ्याङ्क अनुसार, इन्टरनेट प्रयोगकर्ता सङ्ख्या तीव्र गतिमा बढिरहेको छ तर सोही अनुपातमा मिडिया र डिजिटल साक्षरता बढेको छैन । नेपालमा डिजिटल साक्षरता लगभग ३१ प्रतिशत मात्रै छ । अधिकांश प्रयोगकर्ताले समाचारको स्रोत हेर्दैनन् र हेडलाइन मात्र पढेर प्रतिक्रिया जनाउँछन् । धेरैजसो प्रयोगकर्ता सामाजिक सञ्जालमा भेटिने सबै सूचनालाई समाचार ठान्छन् ।

फलतः उनीहरू भावनात्मक र भ्रामक सामग्रीबाट सजिलै प्रभावित हुन्छन् । धारणा बनाउँछन् र निर्णय लिन्छन् । कसैलाई होच्याउने वा बदनाम गर्ने हेतुले आउने गलत समाचारहरू रातारात सामाजिक सञ्जालमा फैलिएर विभिन्न आपराधिक घटना हुने गरेको उदाहरणहरू पनि छन् ।

थोरै पैसा तिरेपछि सामाजिक सञ्जाल र अनलाइन मिडियामा समाचारहरू नै धेरै माझ पुग्ने गरी बुस्ट गर्न मिल्ने व्यवस्था पनि झनै घातक छ । फेक न्युजले आपसमा अविश्वास सिर्जना गरिदिने, मानसिक तनाव दिने र गलत निर्णय लिन बाध्य पार्न सक्ने स्थिति सिर्जना गरिदिन्छ ।

फेक न्युजले व्यक्तिको जीवनसँगै समाज, राजनीति र अर्थतन्त्र जस्ता विषयमा पनि गम्भीर असर पार्छ । फेक समाचारले एउटा समुदायलाई अर्को विरुद्ध उभ्याउने, विभिन्न जातीय नाममा विभाजन गर्ने जस्ता समाज भड्काउने क्रियाकलापहरू हुन सक्छन् । त्यस्तै राजनीतिक रूपमा हेर्ने हो भने, फेक न्युजको कारणले जनताको निर्णय लिने क्षमतालाई पनि कमजोर बनाएको छ ।

फेक न्युजले जनमत विभाजित गर्ने, निर्वाचन प्रक्रिया प्रभावित पार्ने र लोकतन्त्र नै कमजोर पार्ने काम पनि गरिदिन्छ । जस्तैः नेपालमा एमसीसी सम्झौता, निर्वाचन वा विरोध प्रदर्शनका बेला फेक भिडियो र एआई जेनेरेटेड क्लिपहरू फैलिएका थिए, जसले आम नागरिकमा भ्रम सिर्जना गरिदिएको थियो । स्वास्थ्य क्षेत्रमा खोप विरोधी अफवाह पनि फैलिने गर्छन् जसका कारण रोग र महामारी नियन्त्रणमा अनेक कठिनाइ उत्पन्न भएका छन् ।

वास्तविकता गुमराममा राखी भावनालाई भड्काउने र आफ्नो योजना अनुसार जनताहरूलाई परिचालित गर्न पनि फेक न्युजको प्रयोग गरिन्छ । फेक न्युजले मान्छेमा सहजै आक्रोश, चिन्ता, बदलाको भावना, घृणा फैलाउन र हिंस्रक बनाई दिन सक्छ । जातीय/धार्मिक तनाव बढाएर सामाजिक सद्भाव खलबल्याई दिन पनि सक्छ ।

यसले सूचनाको विश्वसनीयता र वैधतालाई नै चुनौती दिन्छ र समाजको निर्णय लिने क्षमतामा गहिरो प्रभाव पार्छ । अध्ययन अनुसार फेक न्युज सत्यभन्दा छिटो फैलिन्छ र दीर्घकालीन रूपमा मिडिया र संस्थाप्रतिको विश्वास घटाउँछ । प्रत्येक नागरिकको सही सूचना प्राप्त गर्ने हक; 'सूचनाको हक' बाट पनि वञ्चित गर्न सक्छ ।

**कसरी चिन्ने फेक न्युज ?**

फेक न्युज के हो भन्ने माथि उल्लेख गरिसकिएको छ । तर फेक न्युज कसरी चिन्ने ? यो प्रश्न हाम्रा सामु चुनौतीका रूपमा तेर्सिएको छ । भनिन्छ कि 'फेक न्युज त्यो हो जुन फेक न्युज जस्तो लाग्दैन । नक्कली समाचारहरू पनि प्रायः यथार्थजस्तै हुन्छन् । झट्ट हेर्दा हामीले विश्वास गर्ने गरी बनाइएका हुन्छन् ।

फेक न्युजले समाजमा 'असत्य' लाई 'सत्य' झैँ देखाउने क्षमता राख्छ । हाम्रो समाजमा कथन नै छ नि हजार पटक झुटलाई सत्य भन्दा झुट नै सत्य बन्न जान्छ । तर यस्ता फेक सूचना, सामग्री र समाचार पहिचान गर्नु पर्छ । यसका लागि हामी स्वयंले सूक्ष्म अध्ययन गर्ने, प्रश्न गर्ने र प्रमाण खोज्ने तर्फ लाग्नु पर्छ ।

**निम्न कुरामा ध्यान दिऊँ**

- विश्वसनीय सञ्चारमाध्यम, मिडिया वा आधिकारिक वेबसाइट हो कि होइन ? अनलाइन पोर्टलमा सम्पादकीय समूहको नाम तथा जिम्मेवारी लेखिएको छ कि छैन ? त्यो पोर्टलको कार्यालय, सम्पर्क फोन नम्बर, इमेल इत्यादि छ कि छैन ?
- केवल आकर्षक वा आक्रोशपूर्ण हेडलाइन फेक न्युजको पहिलो सङ्केत हुन सक्छ तसर्थ हेडलाइनभन्दा अघि समाचार पढ्ने ।
- धेरै फेक न्युजमा पुरानो वा सन्दर्भविहीन फोटो प्रयोग हुन्छ त्यसैले फोटो वा भिडियोको प्रामाणिकता हेर्ने । जाँच गर्ने ।
- पक्ष, विपक्ष या श्रोतको कुरा र भनाइ छ कि छैन ? कसैको कोड या तथ्य छ छैन हेर्ने ।
- अत्यधिक भावनात्मक शब्दावली प्रयोग फेक न्युजको मुख्य रणनीति हो तसर्थ भावनात्मक ट्रिगरहरू चिन्ने ।
- कहिल्यै नसुनेको, नखोलेको अनलाइनबाट आएको सूचना/समाचार सही हो कि होइन भनेर पुनरपरीक्षण गर्ने ।
- डिजाइन हेर्दा कुनै प्रचलित संस्थाको नाम र डिजाइनसँग मिल्दोजुल्दो हुन सक्छ त्यसैले त्यसमा पनि ध्यान दिने ।
- बतासे अनलाइनहरु वा युट्युब च्यानलहरूले मात्रै फेक न्युज दिँदैनन् । ठुला पदमा आसीन मान्छेहरूले पनि दिन सक्छन् भन्ने हेक्का राख्ने ।
- सनसनीपूर्ण खुलासा, लाइक, कमेन्ट, शेयर, सब्सक्राइब गर्नुहोस् आदि अनुरोध गरिएको छ भने झनै सचेत हुने ।
- दिइएको लिङ्कमा थिच्दा अन्य ठाउँमा पुगिने, विषयवस्तु एकातर्फ र शीर्षक अर्कोतर्फ हुने अवस्था आयो भने थप सतर्क रहेर जाँचबुझ गर्ने ।
- नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तोकेका सम्बन्धित निकायहरूमा दर्ता गरेका विश्वसनीय र वैधानिक सञ्जालहरू मार्फत प्रकाशित सूचना स्रोतहरूलाई अध्ययन र प्रयोग गर्ने ।

**फेक न्युजबाट बच्ने कसरी ?**

फेक न्युज एकल प्रयासले रोक्न नसकिए पनि त्यसबाट बच्न र सचेत रहन सकिन्छ । फेक न्युज नियन्त्रणका लागि सर्वप्रथम फेक न्युज के हो ? कसरी बच्न सकिन्छ भन्ने विषय बुझ्न जरुरी छ । फेक न्युज चिनिसकेपछि यसबाट बच्न झनै सजिलो छ ।

- सामाजिक सञ्जालमा देखिने/भेटिने हरेक पोस्टलाई 'सत्य' नठान्ने ।
- कुनै पनि सामग्री लाइक, कमेन्ट, शेयर गर्नु अघि तथ्य जाँच गर्ने ।
- फेसबुक/अनलाइन बहसमा अत्यधिक भावनात्मक प्रतिक्रिया नदिने ।
- आफूले थाहा पाएको मिथ्या सूचना/समाचारबारे प्रमाणसहित अन्यलाई जानकारी दिने ।

बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| राशि | फल |
|---|---|
| मेष | समय लागे पनि अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । |
| वृष | आँटेको काम तत्काल बन्नेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । |
| मिथुन | कामबाट सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ । साथीभाइसँग असमझदारी बढ्ला । फाइदाका पछि लाग्दा आफ्नै धनमाल गुम्न सक्छ । |
| कर्कट | आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ । श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ । |
| सिंह | आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । |
| कन्या | श्रम परे पनि सोचेको मूल्य प्राप्त नहुन सक्छ । आफ्नो कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । नयाँ जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला । |
| तुला | समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ । कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला । |
| वृश्चिक | व्यापार बढ्नुका साथै व्यवसायमा लाभ हुनेछ । भौतिक साधन जुट्नाले आम्दानी बढ्ने काम प्रारम्भ हुनेछ । प्रेमको बन्धन कसिनेछ । |
| धनु | पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ । प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् । |
| मकर | अस्वस्थताले केही बाधा पुर्याउन सक्छ । अप्ठ्यारा परिस्थिति सुल्झाउन जुट्नुपर्ला । गुरुजनको सहयोग नजुट्न सक्छ । |
| कुम्भ | प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग होला । |
| मीन | सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । |

# एकैदिन कर्णालीका दुई महिलाको हवाई उद्धार

**युग संवाददाता**
**सुर्खेत, ६ वैशाख ।**

कर्णाली प्रदेशअन्तर्गतका जिल्ला हुम्ला र कालीकोटका दुई महिलाको सोमबार हवाई उद्धार गरिएको छ। त्यसमध्ये एक जना सुत्केरी भइसकेपछि र एक जना सुत्केरी व्यथा लागेपछिको जटिल स्वास्थ्यावस्थाका कारण सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको हो।

सुत्केरीपछिको जटिल स्वास्थ्य समस्याका कारण खार्पुनाथ गाउँपालिका-५ हुम्लाकी ४५ वर्षीया सरिला शाहीलाई थप उपचारका लागि उद्धार गरिएको हो। घरमै सुत्केरी हुँदा साल अड्किएर अत्यधिक रक्तस्राव भएपछि थप उपचारका लागि सुर्खेत लगिएको स्वास्थ्य सेवा कार्यालय हुम्लाका सूचना अधिकारी नन्दबहादुर शाहीले जानकारी दिए।

उनका अनुसार जिल्ला अस्पतालमा उपचार सम्भव नभएपछि शाहीलाई कर्णाली प्रदेश अस्पतालमा रेफर गरिएको थियो। त्यसैगरी पलाँता गाउँपालिका-९ कालीकोट थिर्पुकी सुत्केरी व्यथा लागेकी २२ वर्षीया अप्सरा शाहीलाई पनि नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरिएको छ।

शनिबार राती जिल्ला अस्पताल मान्म पुर्‍याइएकी शाहीलाई थप उपचारका लागि सोमबारनै सुर्खेतस्थित प्रदेश अस्पताल पठाइएको स्वास्थ्य सेवा कार्यालय कालीकोटका जनस्वास्थ्य अधिकृत कटक महतले जानकारी दिए। उनका अनुसार गर्भको शिशुको अवस्था जटिल देखिएको र अत्यधिक रक्तस्रावका कारण उनलाई सुर्खेत रेफर गरिएको हो। ती दुवै महिलालाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत सञ्चालित राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हवाई

## फेक न्युजले...

- सनसनीपूर्ण समाचार आयो भन्दै शेयर गर्नुअघि मिडियासम्बन्धी अलि बढी जानकारी राख्ने, चिनेको साथीलाई सोध्ने।
- स्कुल, कलेजमा डिजिटल साक्षरता पाठ्यक्रम समावेश गर्ने।
- सामाजिक सञ्जाल कम्पनीहरूलाई एल्गोरिदम सुधारेर फेक सामग्री घटाउने, लेबलिङ र हटाउने नीति कडा बनाउने।
- राज्य र मिडिया संस्थाले प्रभावकारी फ्याक्ट चेकिङ युनिट या मेकानिजम बनाउने।
- डिजिटल साक्षरतालाई व्यापक र प्रभावकारी सञ्चालनका साथै लगानी गर्ने।
- फेक न्युज फैलाउनेलाई कानुनी कारबाही र जनचेतना अभियान फैलाउने।

पछिल्लो चरण भ्रामक र मिथ्या सूचनाको जालो तोड्ने उपायका रूपमा तथ्य जाँच अपनाइएको छ। कुनै भाइरल सूचना वा दाबीलाई विश्वसनीय प्रमाण सङ्कलन गरी त्यो सही, गलत वा भ्रामक भनी लेबल लगाउने वा निचोडमा पुग्ने प्रक्रिया नै 'फ्याक्ट चेक' हो।

सनसनीपूर्ण खालका सूचना, भिडियो, समाचार शेयर, कमेन्ट गर्नेलाई पनि कारबाही हुनसक्छ। तसर्थ, कुनै समाचार सही हो वा गलत भनेर चिन्न जरुरी हुन्छ। गलत वा भ्रामक सूचना बाहिरबाट मात्रै आउने संकट होइन। हामी भित्रै रहेको सोच, अस्पष्टता र बुझाइले पनि निम्तिन सक्छ तसर्थ सर्व प्रथम हामी स्वयं स्पष्ट, सचेत र जिम्मेवार हुनु पर्छ। सूचना कसरी ग्रहण गर्ने, तिनको कसरी मूल्याङ्कन गर्ने हामीमा निर्भर छ।

सही सूचना र समाचार प्राप्त गर्नु प्रत्येक नागरिकको अधिकार हो। त्यसैले फेक न्युज प्रकाशित गर्ने, प्रसारण गर्ने जो कोहीलाई पनि नेपालको प्रचलित कानुन अनुसार कडा कारबाही गरिनुपर्छ। फेक न्युज रोक्ने र शुद्ध सूचना/समाचार प्राप्त गर्ने अवसर सिर्जनाका लागि सञ्चार उपभोक्ता, सञ्चारकर्मी, सञ्चारमाध्यम, सम्बद्ध सरकारी निकायबिच शिक्षा, सजगता र सहकार्य आवश्यक छ।

*(चौलागाईं नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष*

## तराईमा...

वर्षा भएको छ भने अन्य धेरै स्थानमा हल्का वर्षा भएको छ।

अहिले नेपालमा पश्चिम क्षेत्रमा भन्दा पूर्वमा मौसम परिवर्तन भएको छ। भोलि सोमबार कोशी प्रदेशलगायत बाँकी पहाडी र हिमाली भूभागमा साधारणतया बादल लाग्ने र तराई भूभागमा आंशिक बादल लाग्ने विभागले आज साँझ जारी गरेको बुलेटिनमा उल्लेख छ।

कोशी र गण्डकी प्रदेशका हिमाली र पहाडी भूभागलगायत देशका बाँकी हिमाली भूभागका थोरै स्थान तथा बागमती र लुम्बिनी प्रदेशका पहाडी भूभागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा र हिमपातको सम्भावना रहेको छ। यता मधेस प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई साथै उपत्यका र खोँचहरूमा तातो दिन हुने सम्भावना रहेको विभागले

---

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८३/०१/०८**

यस कार्यालयबाट प्रकाशित तपशिलमा उल्लेखित खरिद नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण र खरिद कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएका बोलपत्र मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ।

**तपशिल**

| खरिद नं. | कामको विवरण | बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक भ्याट सहित रु. |
|---|---|---|---|
| BANKE/ KOMUN/W/ NCB-30/2082/083 | Ward No 7 ma Aadharbhut Swasthya Sewa Kendra Nirman, Kohalpur -07 Ne. Ra. Aa. Bi. Lakhanawar, Banke | Gihon Construction Pvt. Ltd. | 46,75,311.12 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौरजहारी, रुकुम (पश्चिम भाग)**
**कर्णाली प्रदेश, नेपाल**

### दररेट माग गरिएको सम्बन्धी सूचना

**मिति: २०८३।०१।०७**

उपर्युक्त विषयमा नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत यस चौरजहारी नगरपालिकाका तोकिएका सामुदायिक विद्यालयहरूका लागि विद्युतीय सामाग्री (स्मार्ट बोर्ड, ल्यापटप र व्याकप) को वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्महरूले तपसिल बमोजिमको Quantity को आधारमा खामवन्दी गरी पेस गर्न अनुरोध छ। साथै देहाय बमोजिमको Quantity मा दररेट मिति २०८३/०१/११ गते कार्यालय समयभित्र यस कार्यालयमा बुझाउनु हुन अनुरोध छ।

**Specification:**

| S.N | Components | Unit | Qty. | Rate | Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Smart Board | NOS. | 12 | | | |
| 2. | Laptop | NOS | 15 | | | |
| 3. | Inverter OR UPS/ Power Backup | NOS. | 15 | | | |

नोटः माथि दिएको सामानको Specification चौरजहारी नगरपालिकाको दिइएको Web Site (https://chaurjaharimun.gov.np/) मा हेर्न सकिनेछ।

---

## Chure Rural Municipality
## Office of the Rural Municipal Executive
**Gharkheda, Kailali**

### Invitation for E-bids

**Date of publication: . April 21st, 2026 (2083/01/08)**

1. Chure Rural Municuplity, Office of the Rural Municipal Executive, Gharkheda, Kailali has allocated fund from RM office intends to apply part of the funds to cover eligible payments under the Contract as mentioned in table below. E-bidding is open to all eligible Nepalese E-bidders.
2. Office Of the Rural Municipal Executive, Gharkheda, Kailali invites sealed bids from eligible E-bidders for the construction works as per table below under Sealed Quotation E-bidding (NCB) procedures. Only eligible E-bidders should participate in this E-bidding.

| S. N. | Contract Identification Number | Description of Work | Total Project Cost including VAT (NRs) | E-bid Security (NRs) | E-bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | CRM/NCB/ Works/09/082/083 | Upgrading Of Road From Fast Track To Nigali, Chure-01 | 41,68,585.69 /- | 1,05,000/- | 3,000/- | E-bid only |

3. Eligible E-bidders may obtain further information and inspect the Sealed E-bid Documents at Office Of the Rural Municipal Executive (CRM), Gharkheda, Kailali, Phone no: 9858488012.
4. A complete set of E-bidding Documents may be purchased from PPMO epg system (www.bolpatra.gov.np/egp) or Office Of the Rural Municipal Executive (CRM) Gharkheda, Kailali by eligible E-bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate and upon payment voucher of non-refundable fee of NRs. 3000.00(in .pdf format) (NRs Three Thousand only) in rajaswo khata no.: 0820529963703006 Laxmi Sunrise Bank, Sahajpur Branch till 20 May 2026 during office hours.

   **Name of the Bank: Laxmi Sunrise Bank Ltd.**
   **Bank Name of Office: Chure Rural Municipality, Gharkheda, Kailali**
   **Office rajaswo khata no.: 0820529963703006**
5. E-bids must be submitted through PPMO Website www.bolpatra.gov.np on or before 12:00 noon on 21st May, 2026. E-bids received after this dead line will be rejected.
6. The E-bids will be opened in the presence of E-bidders' representatives who choose to attend on 14:00 PM of 21st May, 2026 at Office Of the Rural Municipal Executive (CRM), Gharkheda, Kailali. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amount as mentioned in above table, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If E-bidder wishes to submit the E-bid Security in the form of cash, the cash should be deposited in Dharauti Khata No. 0820529963703003 at Laxmi Sunrise Bank Ltd. Sahajpur, Kailali Branch and submit the receipt of the deposited amount of cash along with the E-bid.
8. If the last date of E-bid submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the E-bid security shall remain the same as specified for the original last date of E-bid submission.
9. E-bidders are advised to visit site and assess the actual site conditions before submitting their E-bid.
10. Employer reserves the right to accept or reject, wholly or partly any or all the E-bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

---

## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**अत्तरिया, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र छनौट गर्ने आशयको सूचना

**(मिति:२०८३/०१/०८)**

यस कार्यालयबाट मिति २०८२।११।१४ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन समितिले मुल्याङ्कन गर्दा न्यूनतम मुल्याङ्कितत सारभूतरूपमा प्रभावग्राही देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बिन्धत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | कार्य विवरण/ठेक्का संकेत नं | कबोल अंक (भ्याट र पि.एस सहित) | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना |
|---|---|---|---|
| १. | Brihat Khanapane Yojana Shehari-9 kailali, GM/ NCB/W/2082/83/17 | रु.२,४६,६८,१०९।९५ (अक्षरुपि रु.दुई करोड छयालिस लाख अठसठ्ठी हजार एक सय नौ रुपैया पन्चानब्बे पैसा मात्र) | श्री जयश्री बालाजी निर्माण तथा ड्रीलिंग प्रा. लि. धनगढी-३, कैलाली। |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## Chaurjahari Municipality
## Office of the Municipal Executive
**Rukum (West)**
**Karnali Province, Nepal**

### Invitation for Bids (IFB)

**Date of publication: 2083/01/08**

1. Chaurjahari Municipality invites electronic bids from eligible bidders for the procurement of Works under Sealed quatation,mentioned in the table below

| S. N | Description Of Work | Contract ID | Estimated Amount without VAT | Bid Security (NRs) | Bid Validity Period | Bid document Fee(NRs) |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Cremation (Aryaghat) in Chaurjahari Wards No 1 and 2, Rukum West | CJM/WORKS/ SBQ/02/082/083 | 9,18,416.12 | NRs.26000 | 45 Days From Bid Opening | 1000 |

2. Elligible bidders may obtain further information from PPMO's website:www.bolpatra.gov.np/egp

.

**Chief Administrative Officer**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# अवसर पाए छोरीले खेलमार्फत देशको नाम चम्काउन सक्छन्’

**युग संवाददाता**
**सुर्खेत, ७ बैशाख ।**

नेपाली राष्ट्रिय महिला फुटबल खेलाडी सिर्जना सिंहले महिलालाई खेलकुद क्षेत्रमा स्थापित हुन निकै संघर्ष गर्नुपर्ने बाध्यता रहेको बताएकी छन् । शक्ति र अवसरका माध्यमबाट महिला सशक्तीकरणका क्षेत्रमा काम गर्ने संस्था हिमशक्ति फाउण्डेशनका अध्यक्षसमेत रहेकी सिंहले खेलकुद र गुणस्तरीय शिक्षाको सन्तुलन र नेपाली समाजमा जरो गाडेको लैंगिक विभेद, खेल पूर्वाधारको अभाव र महिला प्रशिक्षकहरूको न्यूनता जस्ता चुनौती भेल्नु परेको बताइन ।

सोमबार वीरेन्द्रनगरमा फाउण्डेशनले आयोजना गरेको पत्रकार भेटघाटमा सिंहले खेल क्षेत्रमा प्रतिवान महिला खेलाडी उत्पादनमा आफुले काम गरिरहेको बताइन । संस्थाले महिला खेलाडी उत्पादन गर्न विभिन्न कामहरु गर्ने उनको भनाई छ । कर्णाली प्रदेशको दुर्गम जिल्ला कालिकोटबाट अवसरको अभाव, सामाजिक कुरीति र लैङ्गिक विभेदका बीच हुर्किएकी उनले राष्ट्रिय टोलीसम्म पुग्न निकै संघर्ष गरेको अनुभूति सुनाइन ।



‘१४/१५ वर्षमै विवाह हुने चलन, सपना देख्न डराउने किशोरीहरू र अवसरको अभाव । सरकारी विद्यालयमा पढ्दा दैनिक दुई घण्टा पैदल हिँडेर विद्यालय पुग्नुपर्ने बाध्यता थियो । अंग्रेजी भाषा र खेलकुदबारे कुनै जानकारी नभएको अवस्थामा पनि मैले समपना देखे र यो स्थानसम्म आइपुगे,’ उनले भनिन् । उनले अगाडि थपिन, ‘सुरुवाती दिनहरू निकै कठिन थिए ‘न पर्याप्त उपकरण, न प्रशिक्षक, न व्यवस्थित मैदान । ढुंगालाई ‘कोण’ बनाएर खेल्ने, घण्टौं पैदल हिंडेर अभ्यासमा जाने जस्ता व्यवधान बिच मैले आफ्नो लक्ष्य छोडिन । जसका कारण केही वर्षमै विद्यालयस्तरीय खेल हुँदै राष्ट्रिय स्तरसम्म पुग्न सफल भएँ ।’ उनले १८ वर्षमुनिको प्रतियोगितामा भुटानमा आयोजित साउथ एसिएन गेममा सहभागिता जनाउँदै उत्कृष्ट प्रदर्शन गरेकी थिइन ।

त्यसपछि उनले नेपालको राष्ट्रिय महिला फुटबल टोलीमा डेब्यु गर्दै देशको प्रतिनिधित्व गर्ने अवसर पाइन् । सिर्जनाका अनुसार, महिला खेलाडीलाई अझै पनि परिवार र समाजबाट पूर्ण समर्थन पाइँदैन । खेल्न चाहने धेरै दिदीबहिनीहरू सामाजिक डर र पूर्वाग्रहका कारण पछाडि हट्न बाध्य भएको उनले बताइन ।

उनले थपिन्, भनिन्, ‘खेलकुदमा लाग्ने महिलाका लागि सुरक्षित वातावरण, महिला प्रशिक्षक, र पर्याप्त पूर्वाधार अत्यावश्यक छ । यी आधारभूत कुराहरू नहुँदा प्रतिभाशाली खेलाडीहरू ओझेलमा छन् ।’ उनले नेपालमा महिला खेलकुदको विकासका लागि नीतिगत सुधार, लगानी, र सामाजिक सोचमा परिवर्तन अपरिहार्य रहेको बताइन । ‘अवसर र समर्थन पाए, कर्णालीजस्ता दुर्गम क्षेत्रका छोरीहरूले पनि अन्तर्राष्ट्रिय स्तरमा देशको नाम चम्काउन सक्छन्,’ उनले भनिन् ।

# सामुदायिक वनको आम्दानीको बेत बाँस

**युग संवाददाता**
**कैलाली, ७ वैशाख ।**

कैलालीको टीकापुर नगरपालिका-७ स्थित सत्ती कर्णाली सामुदायिकवन बेत बाँसका लागि प्रख्यात छ । सामुदायिक वनले बर्सेनि लाखौंको बेत बाँस सङ्कलन गर्दै आएको छ । वनको प्रमुख आम्दानीको स्रोत नै बेत बाँस हो ।

आर्थिक हिसाबले सम्पन्न सामुदायिक वनले बेत बाँसको सङ्कलनमा दर्जनौं स्थानीयलाई रोजगारी सिर्जन गर्दै आएको छ ।

अहिले वनबाट काँचो बेत सङ्कलन भइरहेको छ । दर्जनौं स्थानीय बेत सङ्कलनमा छन् । उनीहरूले सङ्कलन गरेको बेत वनले प्रतिकेजी रु ११ मा खरिद गर्दै आएको छ ।

तीन हजार क्विन्टल बेत बाँस सङ्कलन गर्ने लक्ष्य लिएको सामुदायिक वनले आवश्यकताअनुसार कामदार नपाउँदा लक्ष्य भेटाउन मुस्किल भएको वन कार्यालय प्रमुख मीनबहादुर ठकुल्ला बताउँछन् । “अहिलेसम्म लगभग ९०० क्विन्टल सङ्कलन भएको छ । लक्ष्यअनुसार यस वर्ष पनि बेत सङ्कलन हुँदैन,” उनी भन्छन्, “कामदार पाउन निकै गाह्रो हुँदा गत वर्ष पनि लक्ष्यअनुसारको बेत सङ्कलन गर्न सकिएको थिएन । वनले गत वर्ष एक हजार ४०० क्विन्टल बेत बाँस सङ्कलन गरेको थियो ।


## Birendranagar Municipality
## Office of The Municipal Executive

**Birendranagar, Surkhet**
**Karnali Province, Nepal**

### Invitation For Bids

**(First Date Of Publication: - 2083.1.8 B.s.)**

1. Birendranagar Municipality Office invites electronic bids from eligible bidders for the following projects under national competitive bidding procedures.
2. Eligible bidders may obtain further information at the birendranagar municipality, birendranagar surkhet, phone no: 9858063111 & ppmo website.

| S. N. | Contract No. | Name Of Work | Bid document fee (non-refundable) | Estimated Amount (Excluding VAT & Including PS) | Bid Security Amount | Last Date of Submission | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|---|
| 1 | SQ/BM/W/ 082/083/25 | Upgrading of Surkhet Bhuri Gaun Sadak Dekhi Nabin Shahi Ko Ghar Hudai Bhatekuna khahare khola Road, Birendranagar 2, Surkhet | NRs. 1000/- | NRs. 14,27,217.02 | NRs.35,700.00 | 2083.1.22, 12:00 Hr | 2083.1.22, 14:00 Hr |

**Chief Administrative Officer**


# पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिन घिसिङको माग

**युग संवाददाता**
**सुर्खेत, ७ बैशाख ।**

उज्यालो नेपाल पार्टी (उनेपा)का अध्यक्ष कुलमान घिसिङले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ता लिन सरकारसँग माग गरेका छन् । कर्णाली प्रदेशस्तरीय प्रथम अगुवा कार्यकर्ता भेला तथा संगठन विस्तार कार्यक्रमका क्रममा सोमबार सुर्खेत वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमा उनले सरकारले कर्णालीलाई इन्धनमा भएको मूल्यवृद्धिमा विशेष सहुलियत दिनुपर्ने बताए ।

‘कर्णालीमा विकट भूगोल भएकाले आफैंमा खर्चिलो छ । यहाँ बाह्य तथा आन्तरिक पर्यटकको यात्रा तथा आवागमनलाई सहज बनाउन डिजेल, पेट्रोल र ग्यासजस्ता इन्धनको मूल्यवृद्धि गर्नु हुँदैन’, उनले भने, ‘नजिकको छिमेकी देश भारतले पनि इन्धनमा मूल्यवृद्धि नगरेको भन्दै यसमा सरकारले नागरिकमाथि मूल्यवृद्धिको भार घटाउनुपर्छ र स्तरीकरण गर्न सक्नुपर्छ ।’


### Vacancy Announcement

Modern Public School, located at Birendranagar 1, Surkhet is looking for some qualified, dynamic and dedicated individuals for the following positions:

**Position:** Secondary level Teachers (Math/English/Science/Nepali/Social)

At least Bachelor Degree holders with Teaching experience can contact 9858051072 within seven days.

**Salary:** Rs. 30,000 -45,000 and grade facility.

**Contact :**
**Modern Public School**
**Birendranagar 1, Surkhet**
**Phone no. : 9858051072**



BC Group
20th years printing experience
भित्तेपात्रो (क्यालेण्डर) छपाई अब सुर्खेतमै
सुलभ दर र उत्कृष्ट गुणस्तर






प्रति घण्टा २० हजार प्रति छपाई क्षमता भएको प्रदेशकै सबैभन्दा ठुलो उद्योग ।
BHAWANI CHHAPAKHANA
DIGITAL COLOUR PRINTERS
(QUALITY & QUANTITY PRINTING HOUSE)
Office: Birendranagar-6, Buddhapath, Surkhet
Industry: Birendranagar Industrial Area



९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिट्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९


**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।